Charity Regd. No. 09216122/2014

भोजपुर सेवा समाज बेलायत

BHOJPUR WELFARE SOCIETY U.K.

# भोजपुर सेवा समाज बेलायत को

# विधान

# BHOJPUR WELFARE SOCIETY U.K.

# CONSTITUTION

संशोधित विधान २०७१ (2014)

# भोजपुर सेवा समाज बेलायत को

# विधान

**BHOJPUR WELFARE SOCIETY**
**U.K.**

**CONSTITUTION**

**संशोधित विधान २०७१ (2014)**

## प्रस्तावना

नेपालमा जहाँ बसोबास गरे पनि पुर्ख्यौली घर भोजपुर भई हाल बेलायतमा आएर अस्थायी वा स्थायी रुपमा बसोबास गर्ने सम्पूर्ण भोजपुर जिल्लाबासी दाजुभाइ तथा दिदीबहिनीहरुलाई यहाँ आईपर्ने विभिन्न किसिमको समस्याहरुलाई समाधानको प्रयत्न गर्दै सहयोग पुऱ्याउन एउटा सामाजिक संस्थाको अपरिहार्यता भएकोले सन् २००८, तदानुसार वि.सं. २०६५ सालमा सामाजिक संस्थाको रुपमा **"भोजपुर सेवा समाज बेलायत"** स्थापित गरेका छौं ।

# परिच्छेद - १

## प्रारम्भ

(क) यस संस्थाको नाम **"भोजपुर सेवा समाज बेलायत"** हुनेछ र अंग्रेजीमा **"Bhojpur Welfare Society United Kingdom"** हुनेछ ।

(ख) छोटकरीमा नाम नेपालीमा **"भोसेसबे"** हुनेछ भने अंग्रेजीमा **"BWSUK"** हुनेछ ।

(ग) यस विधानलाई भोजपुर सेवा समाज बेलायतको विधान विसं. २०६५ भनिने छ ।

(घ) यो विधान वि.सं. २०६५ तथा पहिलो संशोधन वि.सं. २०७१ वार्षिक साधारण सभाबाट पारित भए पश्चात् लागु हुनेछ ।

# परिच्छेद - २

## परिभाषा

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,**

(क) संस्था भन्नाले भोजपुर सेवा समाज बेलायतलाई बुझाउने छ ।

(ख) विधान भन्नाले भोजपुर सेवा समाज बेलायतको विधानलाई बुझाउने छ ।

(ग) सदस्य भन्नाले यस विधानको परिच्छेद-४ अन्तर्गत सदस्यता प्राप्त व्यक्तिलाई बुझाउने छ ।

(घ) कार्य समिति भन्नाले भोजपुर सेवा समाज बेलायतको कार्य समितिलाई बुझाउने छ ।

(ङ) नियम भन्नाले भोजपुर सेवा समाज बेलायतको विधान अनुसार गठन भएको कार्य समितिले बनाउने नियमलाई बुझाउने छ ।

(च) साधारण सभा भन्नाले यस विधानको परिच्छेद-५ 'ख' मा उल्लेखित साधारण सभालाई बुझाउने छ ।

(छ) अधिवेशन भन्नाले यस विधानको परिच्छेद-५'ग' मा उल्लेखित अधिवेशनलाई बुझाउने छ ।

(ज) संस्थाको छाप र प्रतिक चिन्ह अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।



# परिच्छेद - ३

## उद्देश्य

(क) यो संस्था मुनाफा रहित जनहितकारी सामाजिक संस्था हो ।

(ख) भोजपुर जिल्लाबाट बेलायतमा आएर अस्थायी वा स्थायी रुपमा बसोबास गरी यस संस्थामा सदस्यता प्राप्त गर्ने परिवारलाई आईपर्ने समस्याहरुको समाधानको लागि सहयोग गर्नेछ तथा मर्दा-पर्दा एक परिवारबाट कम्तिमा £१० पाउण्ड वा आफ्नो स्वेच्छाले अनिवार्य सहयोग गर्नु पर्नेछ ।

(ग) बेलायतमा रहेका भोजपुर जिल्लावासीहरुको जनसंख्याको तथ्याङ्क संकलन गरी दुरुस्त राख्नेछ ।

(घ) बेलायतमा स्थापना भएका विभिन्न सामाजिक संघसंस्थाहरुसँग मित्रता, भातृत्वको विकास र ऐक्यवद्धता कायम गरी नेपालीहरुको लागि न्यायोचित हक-अधिकारको लागि पहल गर्नेछ ।

(ङ) बेलायतमा रहेका भोजपुर जिल्लावासीहरुको शाखा-सन्तानहरुबाट भएको असल कार्यहरुको उचित मूल्याङ्कन गर्दै सम्मान गर्नेछ ।

(च) बेलायतमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति प्राप्त गरी आफ्नो उद्देश्यहरु कार्यान्वयन गर्नेछ । सो अनुमति प्राप्त नभएसम्म यस विधानमा व्यवस्था भए बमोजिम कार्य सञ्चालन गरिनेछ ।

(छ) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा लिएर कार्यालय स्थापना गरिनेछ ।

(ज) संस्थाको प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।

(झ) यस संस्थाले आफ्नो नामबाट चल-अचल सम्पत्ति प्राप्त गर्ने, बेच-बिखन गर्न सक्ने, साथै आफ्नो नामबाट व्यक्ति सहर नालिश उजूर गर्न तथा संस्था उपर पनि साही नामबाट नालिश उजूर लाग्न सक्ने ।

(ञ) संस्थाले आफ्नो उद्देश्य बमाजिम विभिन्न किसिमको आयमूलक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद- ४

### १. सदस्य वर्गिकरण -

(क) ३ वर्षीय साधारण सदस्य ।

(ख) आजीवन सदस्य ।

(ग) सदस्यता वितरण - भाजपरबाट बलायतमा आएर अस्थायी वा स्थायी रुपमा बसाबास गर्ने १८ वर्ष पूरा भएको व्यक्तिले सदस्यता गहण गर्न सक्ने

(घ) कार्यसमितिमा पदाधिकारी पदको लागि आजीवन (Lifetime) सदस्य हुनुपर्ने ।

### २. सदस्यता शुल्क -

(क) ३ वर्षको लागि २० पाउण्ड सदस्यता शल्क तिर्नु पर्नेछ भने प्रत्येक ३ वर्षमा नवीकरण गर्नु पर्नेछ ।



(ख) आजीवन सदस्यको लागि १२५ पाउण्ड शल्क तिरेर श्रीमान-श्रीमती दुवै आजीवन सदस्य बन्न सक्नेछ ।

(ग) साधारण सदस्यता ग्रहण नगरका व्यक्तिहरुलाई कुनै समस्या परेमा यस संस्थाले सहयोग गर्नु कुनै बाध्यता हुनेछैन ।

(घ) ३ वर्षीय साधारण सदस्य ग्रहण गर्ने व्यक्तिलाई कार्य समितिको निर्वाचनमा आफ्नो परिवारबाट १ मत दिने र कुनै १ पदमा उम्मेदवार बन्न पाउने अधिकार प्राप्त हुनका साथै आफ्नो परिवारका सम्पूर्ण सदस्यहरुलाई कुनै समस्या परेमा यस संस्थाले सहयोग गर्नेछ ।

(ङ) आजीवन सदस्य ग्रहण गर्ने व्यक्तिलाई कार्य समितिको निर्वाचनमा आफ्नो परिवारबाट २ मत दिने र २ पदमा उम्मेदवार बन्न पाउने अधिकार प्राप्त हुनका साथै आफ्नो परिवारका सम्पर्ण सदस्यहरुलाई कुनै समस्या परेमा यस सस्थाले सहयोग गर्नेछ ।

## परिच्छेद - ५

बैठक, साधारण सभा तथा अधिवेशन-

(क) बैठक - कार्य समितिको कम्तिमा वर्षमा ३ पटक अनिवार्य बस्नु पर्नेछ । आकस्मिक बठक सम्भव भएसम्म ४८ घण्टा भित्र बोलाईने छ ।

(ख) साधारण सभा - प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ३

महिना भित्रमा साधारण सभा कार्य समितिले आयाजना गर्नु पर्नेछ। सो साधारण सभामा कार्य पगति विवरण र आर्थिक विवरण प्रस्तुत गरी छलफलद्वारा पारित गरी भावी कायक्रम समेत तयारी गर्नु पर्नेछ।

(ग) अधिवेशन - यस संस्थाको सर्वोच्च निकाय हुनेछ। प्रत्येक ३ वर्षमा कार्य समितिले अधिवेशन सम्पन्न गर्नु पर्नेछ। उक्त अधिवेशनमा ३ वर्षको कार्य प्रगती विवरण र आर्थिक विवरण प्रस्तुत गरी छलफलद्वारा पारित गर्नु पर्नेछ। त्यसै दिन परिच्छेद - ८ को १ मा भए बमोजिम निर्वाचन समितिले नयाँ कार्य समिति गठन गर्नेछ। कार्य समितिमा निम्न बमोजिम पदाधिकारी तथा सदस्य आवश्यकतानुसार चयन गरिनेछ -

१) अध्यक्ष - १
२) वरिष्ठ उपाध्यक्ष - १
३) उपाध्यक्ष - ३
४) महासचिव - १
५) सचिव - १
६) सह-सचिव - १
७) कोषाध्यक्ष - १
८) सह-कोषाध्यक्ष - १
९) सदस्य - आवश्यकतानुसार

(घ) सल्लाहकार समिति -
१) समिति साथै उप-समिति गठन गर्नेछ।
२) वरिष्ठ सल्लाहकार - १
३) प्रमुख सल्लहकार - १
४) सल्लाहकार - आवश्यकतानुसार



# परिच्छेद - ६

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार -

पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम **हुनेछ** :-

अध्यक्ष -

(१) कार्य समतिको बठकमा अध्यक्षता गर्ने।

(२) बठकमा कुनै पनि विषय उपर छलफल हुदा पदाधिकारी बीच मत विभाजन भएमा निणायक मत दिने।

(३) सस्थाको प्रमुख नेतत्वदायी भमिका निर्वाह गर्ने।

(४) नियमित बठक तथा आकस्मिक बठक बालाउन सचिवलाई निदेशन दिने।

(५) अन्य पदाधिकारी तथा सदस्यहरुलाई कामको बाडफाँड गर्ने।

(६) बैठकमा पारित निणयहरु लागू गर्न / गराउन आवश्यक निर्णः दिने।

(७) अभिलेख पमाणित गर्ने।

(८) दुई हप्ता भन्दा बढी बलायत बाहिर जानु परमा उपाध्यक्षलाई कायवाहक अध्यक्षको अधिकार दिई जाने।

(९) सस्थाको लागि आवश्यकतानसार समितिको बिना स्विकृत २०० पाउण्ड खर्च गर्न सक्नेछ।

**उपाध्यक्ष -**

(१) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

(२) अध्यक्षलाई सहयोग गर्ने ।

(३) कार्य समितिले दिएको अन्य जिम्मेवारीहरु पूरा गर्ने ।

**सचिव -**

(१) अध्यक्षसँग सल्लाह गरी कार्य समितिको बैठक बोलाउने ।

(२) कार्य समितिको बैठक वा सभा सञ्चालन गर्ने ।

(३) बैठक, सभामा अध्यक्षसँग सललाह गरी एजेन्डा र प्रतिवेदन तयार गरी कार्य समितिबाट पारित गर्ने, अभिलेख दुरुस्त राख्ने ।

(४) वार्षिक भेलामा कार्य समितिले वर्ष भरिमा गरेको कामको प्रगति विवरण प्रस्तुत गर्ने ।

(५) दुई हप्ता भन्दा बढी बाहिर जानु परेमा अध्यक्षसँग सल्लाह गरेर सह-सचिवलाई आफ्नो जिम्मेवारी दिएर जाने ।

(६) कार्य समितिले दिएको सबै जिम्मेवारी पूरा गर्ने ।

**कोषाध्यक्ष -**

(१) यस संस्थाको नगद जिन्सी लगायत सम्पूर्ण आर्थिक हिसाब दुरुस्त राख्ने ।



(२) संस्थाको आय-व्यय विवरण दुरुस्त राख्ने र कार्य समितिको बैठकमा प्रस्तुत गर्ने ।

(३) कार्य समितिले चाहेको बेला आय-व्यय प्रस्तुत गर्ने ।

(४) कार्य समितिको अध्यक्ष र सचिवको हस्ताक्षर सहित संस्थाको नाममा बैंक खाता सञ्चालन गर्ने ।

(५) संस्थालाई आर्थिक रुपले सक्षम बनाउन आर्थिक योजना बनाई बैठकमा पेश गर्ने ।

(६) परिच्छेद-९ को ३ ‘क’ मा भए बमोजिम लेखा परीक्षण गराउने ।

(७) कार्य समितिले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

**सह-सचिव -**

(१) सचिवको अनुपस्थितिमा सचिवको कार्य सञ्चालन गर्ने ।

(२) बैठकमा सचिवलाई सहयोग गर्ने ।

(३) कार्य समितिले दिएको सबै जिम्मेवारी पूरा गर्ने ।

**सह-कोषाध्यक्ष -**

(१) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षको कार्य गर्ने ।

(२) कोषाध्यक्षलाई सहयोग गर्ने ।

(३) कार्य समितिले दिएको सबै जिम्मेवारी पूरा गर्ने ।

**सदस्य -**

(१) कार्य समितिको बैठकमा नियमित उपस्थित हुने ।

(२) कार्य समितिको बैठकमा हुने विषयहरु तयारी गर्न सचिवलाई सहयोग गर्ने ।

(३) कार्य समितिले दिएको सबै जिम्मेवारी पूरा गर्ने ।

# परिच्छेद - ७

## १. निलम्बन वा निष्काशन -

**देहाय बमोजिमको अवस्थामा कार्य समितिको कुनै पनि पदाधिकारीहरुको पद निलम्बन वा निष्काशन हुन सक्नेछ -**

(क) बिना सूचना वा उचित कारण बिना कार्य समितिको बैठकमा लगातार ३ पटक अनुपस्थित भएमा ।

(ख) आर्थिक अनियमितता, नैतिक पतन वा संस्थाको हित विपरित कुनै पनि गतिविधिहरु गरेको भनी प्रमाणित हुन आएमा ।

(ग) कार्य समितिले तोके बमोजिमको सदस्य शुल्क अवधि सकिएको ३ महिना सम्ममा नबुझाएमा ।

(घ) कार्य समितिको कुनै पनि सदस्यले स्थायी रुपमा बेलायत छाडेमा ।

(ङ) संस्थाको गोपनियता भङ्ग गरी संस्थालाई हानी पुऱ्याउने काम गरेमा ।

(च) सार्वजनिक अपराधमा सहभागी भएको संस्थाले ठहर गरेमा ।



(छ) मृत्यु भएमा, मानसिक सन्तुलन गुमाएमा वा राजिनामा स्विकृत भएमा ।

## २. राजिनामा -

(क) कार्य समितिको कुनै पनि पदाधिकारीले अध्यक्ष समक्ष र अध्यक्षले कार्य समिति समक्ष आफ्नो पदबाट राजिनामा गर्न सक्नेछ ।

(ख) राजिनामा पत्रमाथि छलफल एवं जाँचबुझ गरी स्वीकृत गर्ने वा नगर्ने भन्ने कुराको अन्तिम फैसला कार्य समितिको बैठकले गर्नेछ ।

(ग) राजिनामा दिएको मितिले दुई महिना भित्र स्वीकृत भएको वा नभएको जानकारी सम्बन्धित व्यक्तिलाई कार्य समितिले दिनुपर्ने हुन्छ ।

## ३. पदपूर्ति -

(क) कार्य समितिको कुनै पनि पदरिक्त हुन आएमा साधारण सदस्य मध्येबाट कार्य समितिको बहुमत निर्णयले पदपूर्ति गर्न सक्नेछ ।

(ख) रिक्त स्थानमा पूर्ति गरिएको पदाधिकारीको पदावधि कार्य समितिको बाँकी अवधिसम्म मात्र रहनेछ ।

(ग) अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष र सह-कोषाध्यक्षको हकमा कार्य समिति भित्रका सदस्यहरुबाट मात्र पदपूर्ति गरिनेछ ।

## ४. अविश्वासको प्रस्ताव-

(क) कुनैपनि पदाधिकारीमाथि अविश्वासको प्रस्ताव आएमा कार्य समितिको अध्यक्षको अध्यक्षतामा छलफल हुनेछ । तर अध्यक्षमाथि नै अविश्वासको प्रस्ताव आएमा कार्य समितिको उपाध्यक्षको अध्यक्षतामा छलफल हुनेछ ।

(ख) अध्यक्षको अविश्वासको प्रस्ताव दुई तिहाई (२/३) बहुमतले मात्र पारित हुनेछ । अन्य पदाधिकारीहरुको हकमा ५१ (एकाउन्न) प्रतिशतको बहुमतले पारित हुनेछ ।

## ५. कार्यसमितिको उम्मेदवार योग्यता-

(क) यस संस्थाबाट सदस्यता प्राप्त गरेको ।

(ख) नैतिक पतन अभियोगमा सजाय नपाएको ।

(ग) उमेर १८ वर्ष पूरा भएको ।

## ६. कार्यसमितिको पदाधिकारीहरुको कार्यकाल -

कुनैपनि पदाधिकारीहरुको पदको कार्यकाल ३ वर्षको हुनेछ । यदि अविश्वासको प्रस्ताव नआएमा साथै आफ्नो पदमा दावेदार नभए क्रमशः अर्को कार्यकालमा सोही पदको हकदारी बन्न सक्नेछ ।



# परिच्छेद - ८

## निर्वाचन तथा विधान संशोधन सम्बन्धी व्यवस्था -

### १. निर्वाचन सम्बन्धी व्यवस्था -

(क) कार्यसमितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्यसमितिको सहमतिद्वारा गठन गरिनेछ ।

(ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(ग) निर्वाचन समितिले कुनै विवाद परी गरेको निर्णय अन्तिम हुनेछ ।

(घ) निर्वाचन प्रक्रिया निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

(ङ) निर्वाचन समितिमा रहेको व्यक्तिलाई निर्वाचनमा भाग लिने र मतदान दिने अधिकार हुनेछैन ।

(च) नयाँ कार्यसमिति गठन भएपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

(छ) संस्थाको उम्मेद्वारी शुल्क/दस्तुर देहाय बमोजिम लाग्नेछ ।

अध्यक्ष - £४०, उपाध्यक्ष - £३५, सचिव - £३०, सह-सचिव - £२५, कोषाध्यक्ष - £३०, सह-कोषाध्यक्ष - £२५ र सदस्य - £१५ आदि ।

### २. विधान संशोधन व्यवस्था -

(क) विधान संशोधन गर्नु परेमा कार्य समितिले कार्य समितिका

पदाधिकारीहरु तथा सल्लाहकारहरुको संयोजकत्वमा बैठक सम्पन्न गरी सर्वसम्मतले विधान संशोधन उप-समिति गठन गर्न सक्नेछ ।

(ख) संशोधन गरेको विधान कार्य समितिले बैठकद्वारा अनुमोदन गरी पारित गर्नको लागि साधारण सभामा प्रस्तुत गर्नेछ ।

(ग) साधारण सभाले पारित गरेपछि संशोधित विधान लागु हुनेछ ।

# परिच्छेद-९

## आर्थिक व्यवस्था

### १. यस संस्थाको आर्थिक स्रोत निम्न बमोजिम रहेका छन् -

(क) सदस्यता वितरणबाट प्राप्त हुने शुल्क ।

(ख) सदस्यता नविकरणबाट प्राप्त हुने शुल्क ।

(ग) विभिन्न कार्यक्रमबाट संकलन हुने शुल्क ।

(घ) संस्थाको चलअचल सम्पत्ति वा अन्य निर्मित वस्तुको बिक्रीबाट प्राप्त शुल्क ।

(ङ) कसैले स्वेच्छाले दिएको आर्थिक सहयोग इत्यादि ।

### २. बैंक खाता सञ्चालन -

(क) यस संस्थाको नाममा बैंक खाता सञ्चालन गरिनेछ ।

(ख) कार्य समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको नाममा बैंक खाता



सञ्चालन गरी ३ मध्ये कोषाध्यक्षसहित २ व्यक्तिको हस्ताक्षरबाट रकम निकासा गर्न सकिने व्यवस्था गरिनेछ ।

(ग) विशेष परिस्थिति सृजना भएको खण्डमा कार्य समितिको बैठकको निर्णयद्वारा अन्य पदाधिकारीहरुको नामबाट समेत बैंक खाता सञ्चालन गर्न सकिने छ ।

### ३. लेखा परीक्षण-

(क) यस संस्थाको आय-व्ययलाई पारदर्शी एवं व्यवस्थित ढंगले परिचालन गर्नको लागि हरेक वर्ष बाह्य वा आन्तरिक लेखा परीक्षण गरिनेछ भने हरेक अधिवेशनमा सम्बन्धित निकायबाट लेखा परीक्षण गराइने छ ।

(ख) बाह्य लेखा परीक्षणलाई आवश्यक सहयोग पुऱ्याउनको लागि आन्तरिक लेखा परीक्षण गरिनेछ ।

(ग) आन्तरिक लेखा परीक्षणका लागि कार्य समितिले आन्तरिक लेखा परीक्षण उप-समिति गठन गर्नेछ ।

# परिच्छेद-१०

## संस्था खारेजी -

(क) साधारण सभामा विशेष प्रस्ताव पेश गरी कूल सदस्य संख्याको दुई तिहाई (२/३) बहुमतले संस्था आवश्यक नभएको महसुस गरेमा

संस्था खारेज गर्न सक्नेछ ।

(ख) संस्था खारेज भएको खण्डमा संस्थाको चलअचल सम्पत्ति संस्था खारेज गर्ने बहुमतकै निर्णयलाई साधारण सभाले पारित गर्नेछ ।

# अनुसूची - १

१.(क) **प्रतिक चिन्ह -** गोलाकार पृष्ठभूमिमा ट्याम्के डाँडाको चित्रअंकित गरी सो डाँडाको फेदीमा एकल खुकुरी
भोजपुर सेवा समाज बेलायतको प्रतिक चिन्ह हो ।

**(ख) विश्लेषण -**

**ट्याम्के डाँडा -** हाम्रो पुर्ख्यौली थलो भोजपुरको पश्चिमी सिमानामा अवस्थित ट्याम्के डाँडा, जहाँबाट उत्तरी दिशामा सधैं टल्किरहने हिमश्रृङ्खला हुँदै पूर्वी तराईका फराकिला मैदानका फाँटहरुसम्म दृश्यावलोकन गर्न सकिने भएकोले यो डाँडा पहाडी ईलाकाको प्रसिद्ध ठाउँ हुन गएको वास्तविकतालाई प्रमाणित गर्दछ ।

**खुकुरी -** हाम्रो उद्‌गम थलो भोजपुरको खुकुरी उत्पादन संसारभरी नै प्रख्यात हुनुका साथै वीर नेपालीहरुले यही खुकुरी प्रयोग गरेर बम-राइफल प्रयोग गर्ने शत्रुहरुलाई पराजित गरेको नेपाली ऐतिहासिक गौरव, वीरता र साहसको प्रतिविम्बलाई चित्रण गर्दछ ।



**२. संस्थाको छापः-**

अनुसूची १ को ‘क’ मा भए अनुसार प्रतिक चिन्हको सबैभन्दा माथिल्लो भागमा अंग्रेजी भाषामा संस्थाको नाम, सबैभन्दा तल्लो भागमा नेपाली भाषामा संस्थाको नाम, ठीक बीच भागको वल्लो छेउमा एक तारा, पल्लो छेउमा एक तारा, खुकुरीको तल्लो भागमा अंग्रेजी भाषामा संस्थाको स्थापना मिति लेखिएको छाप भोजपुर सेवा समाज बेलायतको छाप हुनेछ ।

# विषयः सपथ ग्रहण बारे ।

भोजपुर सेवा समाज बेलायत एउटा विशुद्ध सामाजिक संस्थाको रुपमा स्थापना गरिएको हो । सो अनुसार यस संस्थामा आवद्ध भएर निस्वार्थ, निष्पक्ष र जिल्ला कै परिचित पिखुवा खोलाको स्वच्छ पानी झैं स्वच्छ भावना र भोजपुर जिल्ला भरिकै अग्लो सिलिचुङ डाँडाको उचाई झैं उच्च छवि बोकेर म श्री/सुश्री/श्रीमती .......................................... यस संस्थाको विस्तारको लागि जुनसुकै संकटकालीन अवस्थामा पनि जिल्लाकै सिद्धकाली देवीलाई साक्षी राखी सधैँ तल्लिन रहने छु । यदि यस संस्थाको कानुनी विधान अनुसार मैले कुनै पनि गोपनीयता भंग गरेमा वा संस्थाको आचारसंहिता विपरित कार्य गरेमा संस्थाको विधानमा उल्लेख भए बमोजिम ठाडो कारवाही गरियोस् भन्ने विश्वासका साथ सपथ लिन्छु ।

| | |
|---|---|
| निजको हस्ताक्षर | सपथ ग्रहण गराउनेको हस्ताक्षर |
| नाम : श्री/सुश्री/श्रीमती | नाम : श्री/सुश्री/श्रीमती |
| पदः | पदः |
| मितिः | मितिः |
| समयः | समयः |
| स्थानः | स्थानः |
| फोन नं. : | फोन नं. : |
| इमेल | इमेल |